☎ ०६८-४१२१११

# गलकोट नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

प.सं. ०८१/८२
च.नं.

**नगर प्रहरी करारमा पदमा पदपुर्ति गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०८१/१२/१२**

प्रस्तुत विषयमा यस गलकोट नगरपालिकाले देहायको पदहरुमा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन र डबल दस्तुरको लागि थप ५ (पाँच) दिन भित्र आवश्यक कागजातहरुको प्रतिलिपि र राजश्व तिरेको रसिद सहित यस यस गलकोट नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. आवश्यक माग पद संख्या :**

| क्र.सं. | विज्ञापन नं. | पद | खुला | महिला | जनजाति | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०७/०८१-८२ | नगर प्रहरी हवल्दार | १ | - | - | १ | |
| २ | ०८/०८१-८२ | प्रहरी जवान (जनपद) | - | १ | १ | २ | |

**क. आवश्यक न्यूनतम योग्यता र अनुभव**

१. उमेर हद: १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको, तर नेपाल सरकार वा विदेशी सरकारको जङ्गी सशस्त्र वा जनपदबाट अवकाश प्राप्त वा सुरक्षा निकायमा भर्ना भै आधारभूत तालिम प्राप्त व्यक्तिहरूको लागि ४० वर्ष, नगर प्रहरी हवल्दार पदको हकमा उमेर ४५ वर्षसम्म कायम हुनेछ। गलकोट नगर प्रहरी सेवामा कार्यरत कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

२. शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको, नगर प्रहरी हवलदारको लागि दश कक्षा वा सो सरह उत्तीर्ण गरेको,

३. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

४. राजनीतिक दलको सदस्य नरहेको,

५. आतङ्ककारी संगठनको सदस्य नरहेको,

६. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,

७. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

८. उचाई, छाती र तौल:

(क) पुरुष- घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.

(ख) महिला - घटीमा उचाई ५ फिट, तौल ४२ के.जी.

९. तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),

१०. नेपाली नागरिक।

ख. **दरखास्त दिने स्थान:** गलकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ।

ग. **दरखास्त फाराम दर्ता मिति :** २०८१/१२/१२ गतेदेखी २०८१/१२/२६ गतेसम्म, डबल दस्तुरको लागि मिति २०८१/१२/३१ गतेसम्म बिहान १०:०० बजेदेखि कार्यालय समय सम्म, सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन।

घ. **आवेदन दस्तुर:** आवेदन दस्तुर रु .५००।००, दोब्बर दस्तुरको लागि थप रु ५००।००(अक्षरुपी पाँच सय मात्र)।

ङ. **सेवा सुविधा:** नियमानुसार।

च. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु :-**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

घनश्याम गौतम
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१. हालसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) स्पष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) ३ (तिन) प्रति।
२. आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/ त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate )।
३. दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयमले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ।

**क. परीक्षा विधि :-**

१. प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षण,
२. विस्तृत स्वास्थ्य परीक्षण,
३. लिखित परीक्षा: (गलकोट नगर कार्यपालिकाको कार्यालय, गलकोट बागलुङमा सञ्चालन हुने)
वस्तुगत बहुउत्तर (Multiple Choice ) प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरीने व्यहोरा जानकारी गराईन्छ।
वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।
४. अन्तरवार्ता।

**ख. परीक्षा संचालन हुने स्थान**

| क्र.सं. | दरखास्त फारम वितरण तथा दर्ता केन्द्र | परीक्षा संचालन हुने स्थान |
|---|---|---|
| १ | गलकोट नगर कार्यपालिकाको कार्यालय, गलकोट बागलुङ। | गलकोट नगर कार्यपालिकाको कार्यालय, गलकोट बागलुङ। |

ग. **सम्पर्क मिति तथा स्थान:** मिति २०८२/०१/०२ गते गलकोट नगरपालिकाको वेभसाईट: www.galkotmun.gov.np बाट परीक्षा योजनाको बारेमा जानकारी गराइनेछ।

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ति पश्चात् नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।
२. दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ।
३. तोकिएका शर्तहरू पुरा नभएका दरखास्त फाराम जुनसुकै समयमा रद्द गर्न सकिनेछ।
४. दरखास्त फाराम रद्द भएमा दरखास्त दस्तुर फिर्ता हुनेछैन।
५. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम गलकोट नगरपालिकाको वेभसाईट: www.galkotmun.gov.np मा हेर्न सकिनेछ।

घनश्याम गौतम
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner